# आकाशवाणी समाचार- नेपाली

मितिः १३ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- प्रधानमंत्री नरेन्द्र मोदीले आज मिज़ोरम, मणिपुर अनि असममा कैयन विकास परियोजनाहरुको शिलान्यास अनि लोकार्पण गर्नुहुनेछ।
- पूर्व मुख्य न्यायाधीश सुशीला कार्की नेपालको अंतरिम सरकारको नेतृत्व गर्ने पहिलो महिला प्रधानमंत्री हुनुभएको छ। भारतले नेपालमा श्रीमती सुशीला कार्कीको नेतृत्वमा नयाँ अन्तरिम सरकारको स्वागत गरेको छ।
- यूपीआईले 15 सितंबर देखि व्यक्ति-देखि-व्यापारी दैनिक लेनदेनलाई 10 लाख रूपियाँ सम्म बढ़ाएको छ।
- केन्द्रीय मन्त्री पियुष गोयलले भारत र यूरोपेली संघ व्यापक र सन्तुलित मुक्त व्यापार सम्झौतालाई अन्तिम रूप दिन प्रतिबद्ध रहेको दोहोऱ्याउनु भयो।
- भारतले राष्ट्र संघ महा सभामा प्यालेस्टाइन मुद्दाको शान्तिपूर्ण समाधानको कार्यान्वयनमा 'न्यूयोर्क घोषणा' लाई समर्थन गर्ने प्रस्तावको पक्षमा मतदान गरेको छ।

## प्रधानमंत्रीको पूर्वोत्तर भ्रमण

प्रधानमंत्री नरेन्द्र मोदीले आज मिज़ोरम, मणिपुर अनि असममा धैरै विकास परियोजनाहरुको शिलान्यास अनि लाकार्पण गर्नुहुनेछ।प्रधानमंत्रीले मिजोरमको आइज़ोलमा नौ हज़ार करोड़ रुपिया भन्दा अधिकको परियोजनाहरुको शिलान्यास अनि लोकार्पण गर्नु हुनेछ। यी परियोजनाहरुले रेलवे, सड़क मार्ग, ऊर्जा, खेल सहित धैरै क्षेत्रहरुमा लाभ मिल्नेछ। श्री मोदीले एक सार्वजनिक समारोहलाई पनि संबोधित गर्नुहुनेछ। विश्व स्तरीय बुनियादी ढांचा अनि अंतिम छेउसम्म कनेक्टिविटी प्रति आफ्नो प्रतिबद्धता अनुरूप, प्रधानमंत्री बैराबी-सैरांग नयाँ रेलवे लाइनको शुभारंभ गर्नुहुनेछ। यसमा 8 हज़ार करोड़ रुपियाँ भन्दा अधिकको लागत आएको छ। यस रेल लाइनमा 45 सुरंग बनाइएको छ। जसमा 55 ठुला पुल र 88 सानो पुल पनि सामेल छ।
विशेष जानकारी हाम्रो संवाददाताबाट....

त्यसपछि प्रधानमंत्रीले मणिपुरमा साढे आठ हज़ार करोड़ रुपियाँभन्दा अधिकको विकास परियोजनाहरुको शिलान्यास अनि लोकार्पण गर्नुहुनेछ। श्री मोदीले आज दिउसो चुराचांदपुरमा सात हजार तीन  सय करोड़ रुपिया भन्दा अधिकको परियोजनाहरुको शुभारंभ गर्नुहुनेछ। प्रधानमंत्रीले इम्फालमा १२ सय करोड़ रुपियाँ भन्दा अधिकको विभिन्न परियोजनाहरुको उद्घाटन गर्नुहुनेछ। त्यसपछि बेलुकी प्रधानमंत्री मोदी असमको गुवाहाटीमा भारत रत्न डॉ. भूपेन हजारिकाको एक सय औ जयंती समारोहमा सामेल हुनु सामेल हुनेछ।प्रधानमंत्रीले आइतबार राज्यमा 18,530 करोड़ रुपियाँ भन्दा अधिकको प्रमुख बुनियादी ढांचा अनि औद्योगिक विकास परियोजनाहरुको लोकार्पण अनि शिलान्यास गर्नु हुनेछ। उहाँले दरांगमा विभिन्न परियोजनाहरुको आधारशिला राख्नु हुनेछ। त्यसपछि, श्री मोदीले गोलाघाटमा असम बायो-एथेनॉल प्राइवेट लिमिटेड, नुमालीगढ़ रिफाइनरी प्लांटको उद्घाटन गर्नुहुनेछ। उहाँले गोलाघाटमा पॉलीप्रोपाइलीन प्लांटको आधारशिला पनि राख्नु हुनेछ।सोमवार प्रधानमंत्रीले पश्चिम बंगालको कोलकातामा 16 औ संयुक्त कमांडरहरुको सम्मेलन-2025 को शुभारंभ गर्नुहुनेछ। त्यसपछि श्री मोदीले बिहारको पूर्णिया हवाई अड्डाको नयाँ टर्मिनल भवनको उद्घाटन गर्नु हुनेछ। प्रधानमंत्रीले पूर्णियामा लगभग छत्तीस हजार करोड़ रुपियाँको धैरै विकास परियोजनाहरुको शिलान्यास अनि लोकार्पण पनि गर्नुहुनेछ। श्री मोदीले बिहारमा राष्ट्रीय मखाना बोर्डको पनि शुभारंभ गर्नुहुनेछ।

## रेल वैष्णव-मिज़ोरम

रेलमन्त्री अश्विनी वैष्णवले बैराबी-सैरांग रेलवे लाइनको आज हुने उद्धाटनलाई मिजोरमको लागि एक ऐतिहासिक उपलब्धि बताउनु भएको छ। यो रेलवे लाइनले इतिहासमा पहिलो पटक मिजोरमको राजधानी आइज़ोललाई भारतीय रेल नेटवर्कसित जोड्नेछ।आइजोल नजिकैको सैरांग रेलवे स्टेशनमा, श्री वैष्णवले परियोजनाको महत्त्वबारे जानकारी दिनु भयो। परियोजनामा 45 वटा सुरुङ र 55 वटा प्रमुख पुलहरू सामेल छन्।उहाँले भन्नुभयो यो नयाँ रेलवे लाइनले संपर्कमा उल्लेखनीय सुधार गर्नेछ र मिजोरमका जनताको जीवनमा परिवर्तन ल्याउनेछ। रेलमन्त्रीले भन्नुभयो नरेन्द्र मोदी सरकारको अधीनमा, वर्ष 2014 देखि पूर्वोत्तरका लागि रेलवेको वित्तपोषणमा पाँच गुणा वृद्धि भएको छ।

## प्रधानमंत्री पांडुलिपि

प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ ज्ञान भारतम मिशन भारतको संस्कृति, साहित्य र चेतनाको आवाज़ बन्नका लागि तैयार छ। नयाँ दिल्लीमा ज्ञान भारतम बारे अंतर्राष्ट्रीय सम्मेलनमा उपस्थित जनसमूहलाई संबोधित गर्दै, श्री मोदीले भन्नुभयो भारतसित लगभग एक करोड़ पांडुलिपिहरुको विश्वकै सबैभन्दा ठूलो संग्रह छ।प्रधानमंत्रीले ज्ञान भारतम मिशनका लागि सबै देशवासीहरुलाई बधाई दिनुभएको छ।

## नेपाल प्रधानमंत्री

पूर्व मुख्य न्यायाधीश सुशीला कार्की नेपालको पहिलो महिला प्रधानमन्त्री हुनु भएको । उहाँलाई राष्ट्रपति रामचन्द्र पौडेलले हिजो राति काठमाडौंमा अन्तरिम सरकारको प्रधानमन्त्रीको रूपमा शपथ ग्रहण गराउनु भयो।नेपालमा यो शपथ ग्रहण समारोह युवा प्रदर्शनकारीहरूले गरेको घातक र हिंसात्मक प्रदर्शन पछि भएको हो। प्रमुख प्रमुख सोशल मीडिया प्लेटफॉर्म प्लेटफर्महरूमा सरकारी प्रतिबन्ध र भ्रष्टाचार विरुद्ध आक्रोशका कारण विरोध प्रदर्शन सुरु भएको थियो। यी घातक झडपहरूमा कैयन मानिसहरूले ज्यान गुमाए र केपी शर्मा ओलीले प्रधानमन्त्री पदबाट राजीनामा दिनुपऱ्यो।राष्ट्रपति भवन शीतल निवासमा विगत तीन दिनदेखि भएको गहन छलफल र औपचारिक वार्तापछि हिजो सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रमुख नियुक्त गरियो।उहाँ देशकी पहिलो महिला मुख्य न्यायाधीश पनि हुनुहुन्छ र उहाँको इमानदारीको लागि व्यापक रूपमा प्रशंसा गरिएको छ।राष्ट्रपति पौडेलले प्रतिनिधिसभा विघटन गर्ने सम्भावना छ। यसपछि, नयाँ प्रधानमन्त्रीले अन्तरिम सरकारमा युवा प्रतिनिधिहरू सहित आफ्नो टीम गठन गर्नुहुनेछ।उहाँको नियुक्ति प्रदर्शनकारीहरूको माग अनुरूप छ, जसले संसदको तत्काल विघटन र वर्तमान भ्रष्ट राजनीतिक नेताहरूबाट मुक्त एक अन्तरिम सरकारको माग गरिरहेका छन्।

## यूपीआई -सीमा

भारतीय राष्ट्रीय भुगतान निगमले एकीकृत भुगतान इंटरफ़ेस-यू.पी.आई. मा व्यक्ति-देखि-व्यापारी लेनदेनको सीमा बढ़ाएर दस लाख रुपियाँ प्रतिदिन गरेको छ । यो बदलाव 15 सितंबरदेखि लागू हुनेछ। खरीदारीका लागि ठुलो डिजिटल भुगतानीलाई सजिलो अनि अधिक सुरक्षित बनाउनका लागि यो बदलाव गरिएको हो। तर व्यक्ति-देखि-व्यक्ति हस्तांतरणका ;लागि सीमा एक लाख रुपिया प्रतिदिन नै रहने छ ।

## भारत-संयुक्त राष्ट्र फ़िलिस्तीन

भारतले राष्ट्र संघ महा सभामा प्यालेस्टाइन मुद्दाको शान्तिपूर्ण समाधानको कार्यान्वयनमा 'न्यूयोर्क घोषणा' लाई समर्थन गर्ने प्रस्तावको पक्षमा मतदान गरेको छ।फ्रान्सको यस प्रस्तावको पक्षमा हिजो, 142 देशहरु विपक्षमा 10 देशले मतदान गरे। 12 देशले मतदानमा भाग लिएनन्। विरोधमा मतदान गर्ने देशहरूमा अर्जेन्टिना, हंगरी, इजरायल र अमेरिका सामेल छन्।

## गोयल-यूरोपीय संघ

वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभयो, भारत, यूरोपलाई एक विश्वसनीय साझेदार, अहम सहयोगी अनि कानूनको शासन, स्थिरता, गुणवत्ता मानकहरु र समावेशी विकासका लागि प्रतिबद्ध मित्र मान्दछ। नयाँ दिल्लीमा भारत-यूरोपीय संघ मुक्त व्यापार समझौतामा संयुक्त मंत्रिस्तरीय व्यावसायिक संवादमा उहाँले भन्नुभयो यस साझेदारीलाई केवल व्यापार विस्तारको संदर्भमा मात्र नहेरेर विश्वव्यापी व्यापक सकारात्मक प्रभावको संदर्भमा हेरिनु पर्छ। श्री गोयलले भन्नुभयो, भारत अनि

यूरोपीय संघ एक-अर्काको पूरक हो, प्रतिस्पर्धी होइन।

**जीएसटी सुधार - खाद्य वस्तु**

प्रधानमंत्री नरेन्द्र मोदीले स्वतंत्रता दिवसमा लाल किल्लाको प्राचीरबाट आगमी पुस्ताको वस्तु तथा सेवा कर-जीएसटी सुधारहरुको घोषणा गर्नुभएको थियो । प्रधानमंत्रीको सपना तीन सितम्बरमा जीएसटी परिषदले नागरिकहरुको जीवनलाई सहज बनाउनका लागि कैयन क्षेत्रहरुमा कर दरहरुमा कटौतीलाई स्वीकृति दिन साथ साकार भयो। यस क्रममा खाद्य र स्टेशनरी वस्तुहरुलाई प्रभावित गर्ने सुधारहरु बारे आज हामी प्रकाश पार्नेछौ ।

बाईट

**जापान शतायु**

जापानको शतायु अर्थात एक सय वर्ष उमेर पुगेकाहरूको जनसंख्याले 99 हजारभन्दा बढीको नयाँ रेकर्ड बनाएको छ। सरकारले हिजो जारी गरेको तथ्याङ्क अनुसार, 100 वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको संख्या लगातार 55 औं वर्ष बढेर रिकर्ड 99 हजार 763 पुगेको छ।

स्वास्थ्य, श्रम र कल्याण मंत्रालय अनुसार, 100 वा यस भन्दा अधिक आयुका मानिसहरुमा लगभग 88 प्रतिशत महिलाहरु छन्। यो डाटा यस्तो समयमा जारी गरिएको छ जब जापानले आगमी साता वृद्धाहरुको सम्मान दिवसको छुट्टी मनाउन गईरहेको छ ।जापान सरकारले 1963 मा शताब्दी सर्वेक्षण शुरू गरेको थियो।

**एशिया कप क्रिकेट**

पाकिस्तानले हिजो राती दुबई अंतर्राष्ट्रीय क्रिकेट स्टेडियममा ग्रुप ए को खेलमा ओमानलाई 93 रनले हराएर एशिया कपमा आफ्नो अभियानको शानदार शुरुआत गरेको छ। मोहम्मद हारिसको अर्धशतकको मद्दतले पाकिस्तानले सात विकेटको नोक्शानीमा 160 रनको स्कोर बनाएको थियो। 161 रनको लक्ष्य पछाउने क्रममा, ओमानले केवल 67 रन बनाउन सक्यो।

शतरंज-फाइड ग्रैंड स्विस

समरकंदमा हिजो भएको फिडे ग्रैंड स्विस शतरंज टूर्नामेंटको आठ औ राउंडमा भारतीय ग्रैंडमास्टर एव विश्व चैंपियन डी गुकेश र दिव्या देशमुखको बाजी ड्रॉ मा समाप्त भयो।छ घंटासम्म चलेको बाजीमा दिव्याले गुकेशलाई बढ़त लिने मौका दिएनन्।आठ राउंड पछि, दिव्या अब चार अंकको साथ गुकेश भन्दा आधा अंक अघि छ।

**विदेश मंत्रालय-नेपाल**

भारतले नेपालमा श्रीमती सुशीला कार्कीको नेतृत्वमा नयाँ अन्तरिम सरकारको स्वागत गरेको छ। विदेश मन्त्रालयले यसले नेपालमा शान्ति र स्थिरतालाई बढ़ावा दिने बताएको छ। मन्त्रालयले भनेको छ नजिकको छिमेकी, एक लोकतांत्रिक देश र दीर्घकालीन विकास साझेदारको रूपमा भारतले दुवै देशका जनताको कल्याण र समृद्धिको लागि नेपालका साथ मिलेर काम गर्न जारी राख्नेछ।